# नेपाल टेलिभिजन
## इ-बुलेटिन

वर्ष २, अङ्क १६, साउन २०७८
www.ntv.org.np

**यस अंकमा**

नेपाल टेलिभिजन संस्थानले संस्थान भित्र भएगरेका विविध गतिविधिहरुलाई समेटेर आमदर्शक एवम् सम्बन्धित सरोकारवाला सबैको जानकारीकालागि मासिक रुपमा इ-बुलेटिन प्रकाशन गर्दै आइरहेको छ । २०७८ साल साउन महिनामा प्रकाशित यो अंक इ-बुलेटिनको सोह्रौं अंक हो ।

- प्रशासनः कार्यकारी अध्यक्षको राजीनामा
- समाचारः सचेतता बढाउन जनचेतनामूलक समाचार
- कार्यक्रमः सुरुवात नयाँ जोशको
- व्यापारः सकारात्मक व्यापारिक सम्झौता र सहकार्य
- एनटिभी प्लसः आन्तरिक उत्पादन र लोकप्रिय कार्यक्रम प्रसारण
- आर्थिक प्रशासनः नियमित काममै निरन्तरता
- अपरेशनः कार्यक्रमहरुको उत्पादन र प्रत्यक्ष प्रसारणको काम
- प्रत्यक्ष प्रसारणः विविध सन्दर्भको प्रत्यक्ष प्रसारण
- योजना, अनुसन्धान तथा अन्तर्राष्ट्रिय सम्वन्धः प्रगति समिक्षा
- इञ्जिनियरिङः दैनिक प्रसारण सञ्चालनमा भूमिका
- एनटिभी कोहलपुरः बुलेटिन थप- कार्यक्रममा विविधता

## कार्यकारी अध्यक्षको राजीनामा




सम्मानीय प्रधानमन्त्री एबम् सञ्चार तथा सूचना प्रविधि मन्त्री शेरबहादुर देउवा समक्ष नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष पदबाट डा.महेन्द्र विष्टले मिति २०७८।०४।२१ गते दिनुभएको राजीनामा मन्त्रिपरिषद बैठकले स्विकृत गरेको छ । डा.विष्टलाई नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७८।०२।३१ को निर्णयानुसार सञ्चार संस्थान ऐन, २०२८ को दफा १० को उपदफा (३) बमोजिम नेपाल टेलिभिजनको कार्यकारी अध्यक्ष पदमा ४ (चार) वर्षका लागि नियुक्ति गरिएको थियो । वहाँले करिव ३८ महिना कार्यकारी अध्यक्षको रुपमा जिम्मेवारी वहन गर्नुभयो । वहाँको कार्यकालमा नेपाल टेलिभिजनका सबै च्यानलहरूलाई एचडी प्रविधिमा रुपान्तरण, इटहरी प्रसारण केन्द्रको भवन निर्माणको कामको पूर्णता र एनटिभी इटहरीको प्रसारण आरम्भ जस्ता कामहरु सम्पन्न भएका थिए । यसैगरी कोहलपुर प्रसारण केन्द्रलाई एनटिभि कोहलपुर च्यानलमा रुपान्तरण गर्न पनि उहाँको नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको थियो । योसंगै नेपाल टेलिभिजनको प्रसारण, प्रविधि र विषयवस्तुहरुको गुणस्तर बढाउदै प्रविधिको प्रयोग गरी नेपाल टेलिभिजनका च्यानहरुको पहुँच विस्तारका काम पनि उहाँको कार्यकालमा भए ।

## आर्थिक अनुशासन र पारदर्शिताको प्रयास

नेपाल टेलिभिजनको आन्तरिक खर्च नियन्त्रण गर्नका लागि आ.व.०७७|७८ मा नेपाल टेलिभिजन आन्तरिक खर्च नियन्त्रण कार्यविधि, २०७७ जारी भई लागू रहेकोमा त्यसको अवधि समाप्त भएको छ । संस्थानको खर्च कटौती तथा मितव्ययी गर्ने सिलसिलामा नेपाल टेलिभिजन आन्तरिक खर्च नियन्त्रण कार्यविधि, २०७७ को सकारात्मक परिणाम रहेको परिप्रेक्ष्यलाई मध्यनजर गरी आगामी आ.व.०७८/७९ का लागि पनि आवश्यक परिमार्जन गर्न अर्थ मन्त्रालय, महालेखा परीक्षकको कार्यालय वा तालुक मन्त्रालयबाट जारी खर्च नियन्त्रण कार्यविधिहरुको अध्ययन गरी १५ दिनभित्र सिफारिस पेश गर्न नेपाल टेलिभिजन सञ्चालक समितिको मिति २०७८।०४।२८ को निर्णय अनुसार श्री नायव महाप्रबन्धक (प्रशासन) संयोजक, श्री निमित्त नायव महाप्रबन्धक (कार्यक्रम), श्री निमित्त नायव महाप्रबन्धक (विकास), श्री नेपाल टेलिभिजन कर्मचारी संघ र श्री नेपाल टेलिभिजन कर्मचारी युनियनका अध्यक्षहरु सदस्य एवं श्री निमित्त प्रमुख, आन्तरिक लेखा परीक्षण सदस्य सचिव रहने गरी एक कार्यदल गठन गरिएको । कार्यदलले काम शुरु गरिसकेको छ ।

## सचेतता बढाउन जनचेतनामूलक समाचार




कोरोना महामारीको भयावह अझै सकिएको छैन । जनजीवनमा सहजताका लागि निषेधाज्ञा केहि खुकुलो बनाइएको अवस्थामा महामारीबाट सुरक्षित रहन सबैले आ-आफ्नो क्षेत्रबाट प्रयास गर्नुपर्छ, होसियारीका साथ व्यवहार गर्नुपर्छ, स्वास्थ्य सुरक्षाका उपायहरूमा कहीँ कतै कमी नहुने गरेर पालना गर्नुपर्छ भन्ने सन्देश समाचार र समाचारमूलक कार्यक्रमहरू मार्फत आमदर्शकमाझ पुऱ्याउने काम भयJ । काठमाडौं उपत्यकामा कोरवनाको जोखिम कायमै रहेकोले केहि खुकुलो प्रावधान सहित निषेधाज्ञालाई निरन्तर राखिएको छ । यस्तोमा देशका सबै भागबाट आवतजावत हुने तथा व्यापार व्यवसाय लगायतका गतिविधिका कारण चहलपहल पनि धैरै हुने हुँदा यहाँ कोरोना फैलिने जोखिम धैरै रहेकोतर्फ जनचेतना जगाउने खालका समाचार र समाचारमूलक सामग्रीहरु प्राथमिकताका साथ प्रसारण गरिए । कोरवना केयर, होम आइशोलेशन जस्ता सचेततामूलक कार्यक्रमहरुको निर्माण र प्रसारण गरी महामारी कम गर्दै यसको प्रभावबाट बच्ने उपायहरुको महिनै भरी प्रचार गरियो ।

## खोपको खबर


महामारी र त्यसबाट बच्ने उपायहरुको खबरसंगै कोरोनाभाइरस विरुद्धको खोपबारेको समाचार पनि यो महिना समाचार च्यानलको प्राथमिकता बनिरहयो । खोपको आपूर्ती, खोप वितरण र खोप लगाउँदा हुने फाइदाहरुको बारेमा आमधारणा निर्माणका लागि निरन्तर समाचारहरु प्रसारण भइरहे । सरकारले निर्धारण गरेको प्राथमिकता, खोप लगाउने उमेर समूहका व्यक्ति र समूह एवम् खोप लगाएपछिका फाइदाहरुको विषयले पनि प्राथमिकता पाए । योसंगै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्ने कोरोना सम्वद्ध नियमित प्रेस व्रिफ्रिङ, अन्य कार्यक्रमहरु, तथा कोरोनाका विभिन्न पाटाहरु सम्वन्धित रहेर समाचारहरु निर्माण गरी निरन्तर प्रसारण भयो ।

## विपद् जोखिम प्रति सजगता बृद्धी

यस वर्षको वर्षा मैसममा मनसुनी वायुको सक्रियता अघिल्ला वर्षको तुलनामा बढी देखियो । यसले गर्दा देशका धैरैठाउँमा पहिरो गयो भने यसबाट धैरै जनधनको क्षति समेत भयो । पहिरो गएका समाचारहरू प्राप्त हुनासाथ नेपाल टेलिभिजनका समाचारकर्मीहरु मार्फत त्यही पुगेर भइरहेका उद्धारका प्रयासहरू तथा सरकार र समाजकातर्फबाट भइरहेका प्रयासहरुको समाचार प्राथमिकताकासाथ प्रसारण गरियो । सिन्धुपाल्चोक, मनाङ, बाग्लुङ, पाल्पा लगायतका जिल्लाहरुमा प्राकृतिक विपदका कारण भएको क्षतिको समाचारसंगै पिडीतहरुलाई राहत र उद्धारमा सघाउन समाचारहरु प्रसारण भइरहे । साथै जल तथा मौसम विभागसँग निरन्तर सम्पर्कमा रही मौसमी जानकारीहरू दिने तथा ठूलो वर्षाको सम्भावना देखिएको वेला कुन कुन क्षेत्रमा ठूलो वर्षा हुनेवाला छ र यसबाट कुन कुन नदीमा बाढीको सम्भावना छ भनी दर्शकहरूलाई समाचार एवम् समाचारमूलक कार्यक्रमहरु मार्फत पूर्वसावधानी र सतर्कताबारे सचेत गराउने काम पनि भयो ।

## इतिहास पुरुषहरूको स्मरण





नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला र नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको श्रावण महिनामा नै परेको जन्मजयन्तीका अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलनको जग बसाउनमा उहाँहरूको योगदानलाई स्मरण गर्दै तत्-तत् दिनका समाचार बुलेटिनमा उहाँहरूको जीवनी र योगदान सम्बन्धी समाचारहरू प्रसारण गरियो । साथै इतिहास पुरुषहरुप्रति समर्पित टक शो कार्यक्रमहरु समेत निर्माण गरी प्रसारण गरियो ।

## प्राथमिकतामा सरकारका प्रसङ्ग

नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरू सधैं नै नेपाल टेलिभिजन समाचारका प्राथमिकता विषयवस्तु रहँदै आएका छन् । मन्त्रिपरिषद्ले गरेका निर्णयहरू सरकारका प्रवक्ताले सार्वजनिक गर्नुहुँदा नेपाल टेलिभिजन समाचार च्यानलले प्रसारण गरी आम दर्शकमाझ पुऱ्याउदै आइरहेको छ । साथै समाचार बुलेटिनमा पनि मन्त्रिपरिषद् र सरकारका गतिविधिसंग विषयलाई प्राथमिकताका साथ प्रसारण गर्ने गरिएको छ ।





## सुरुवात नयाँ जोशको

कोरोना भाइरस कोभिड - १९ को बढ्दो संव्रmमण र नयाँ आर्थिक वर्षको सुरुवातका कारण केही नियमित कार्यक्रमहरु प्रभावित रहे पनि सहकार्यमा निर्माण हुने अधिकांश कार्यक्रमहरु यो महिना पनि निर्माण तथा प्रसारण भए । त्यसै गरी यो महिना परेका केही विशेष दिवस, खेल र अन्य कार्यक्रमहरु पनि निर्माण तथा प्रसारण भए ।

## ओलम्पिक खेल




यो महिनाको १० गते देखि २४ गतेसम्म परेको ओलम्पिक खेलको नेपाल टेलिभिजनले भव्यरुपमा प्रसारण गर्यो । जापानमा भएको यस खेलको प्रत्यक्ष प्रसारण, खेल र हाइलाइट्सहरु प्राथमिकतामा राखेर प्रसारण भए । नेपाल लगायत अन्य विभिन्न देशहरुको सहभागिता रहेको यो खेलमा नेपालले भाग लिएका खेलहरु प्रसारण गर्नुका साथै अन्य खेलहरु पनि प्रसारण भए।

## विशेष संवाद




नेपाली काँग्रेसका नेता एवं नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको स्मृति दिवसको अवसरमा उहाँको व्यक्तित्व, विचार, चिन्तन र लेखनको पाटो उजागर गर्ने उद्धेश्यले निर्माण गरिएको कार्यक्रम विशेष संवाद पनि प्रसारण भयो ।

## प्रत्यक्ष प्रसारण

साउन महिनामा प्रतिनिधि सभामा विपक्षी दलको नेताको सम्बोधन, अर्थमन्त्रीको यथार्थ पत्रको प्रस्तुति, मौद्रिक नीति सार्वजनिक कार्यक्रमका, बाघ संवाद, सिन्धुलीगढी युद्ध संग्रहालय उद्घाटन समारोह, सरकारको न्युनतम साझा कार्यक्रम आदिको प्रत्यक्ष प्रसारण सम्पन्न भए ।

## नियमित कार्यक्रमहरुको निरन्तरता

यसका साथै नियमित कार्यक्रमहरु दोहोरी च्याम्पीयन, संघर्ष, कोभिड हटलाइन, कोभिड १९ प्रेस ब्रिफिङ, रोजगार हाम्रो सरोकार, सुशासन सवाल, आजको विज्ञान, कोरोना केयर टक, जनस्वास्थ्य बहस, श्रमको सम्मान र जीवनचक्र कार्यक्रमहरु प्रसारण भए । दैनिक रुपमा प्रसारण हुने कृषि कार्यक्रमहरु कृषिमा संवाद, नविन कृषि प्रविधि, किसान प्रश्न मञ्च, सफल वृmषक, कृषिमा महिला, कृषि गतिविधि र कृषि टेलिफिल्म भरोषा निर्माण तथा प्रसारण भए ।




आम दर्शकमाझ निरन्तर रुपमा सूचना, जानकारी र सन्देश प्रवाह गर्नुपर्ने दायित्वलाई अझ सशक्त रुपमा निर्वाह गर्दै नेपाल टेलिभिजनले विभिन्न विषयमा परिसंवाद, विशेष संवाद, वृत्तचित्र र जनचेतनामूलक सन्देशहरुहरु निर्माण गर्दै आएको छ । यसका साथै प्रत्यक्ष प्रसारणतर्फ संसद, प्रधानमन्त्री शेरबहादुर देउवाले बाघ दिवसको दिन गर्नुभएको सम्बोधन लगायतका विभिन्न कार्यक्रमहरुको प्रत्यक्ष प्रसारण यो महिना भएको छ ।

## सकारात्मक व्यापारिक सम्झौता र सहकार्य



आ.व २०७८/०७९ का लागि नेपाल टेलिभिजनका ५ वटै च्यानलहरुको सञ्चालक समितिबाट रु. ५४ करोड ६० लाख १५ हजार बार्षिक लक्ष्य तोकिएकोमा २०७८ श्रावण महिनामा संस्थानका पाँच वटै च्यानलहरुको कुल रकम रु ३४ करोड ७० लाख ९ हजार ८ शय ९२ को सम्झौता तथा सहकार्य सम्पन्न भएको छ । यस श्रावण महिनामा राष्ट्रिय वाणिज्य बैक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, वैदेशिक रोजगार बोर्डको सचिवालय, राष्ट्रिय सूचना आयोग, कृषि सूचना तथा प्रशिक्षण केन्द्र, नेपाल टेलिकम, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, नेपाल बैंक लिमिटेडसंग कार्यक्रम-टेलिसन्देशका लागि एन.टि.भि राष्ट्रिय प्रसारणमा कुल रकम रु ४ करोड ९१ लाख ९६ हजार २ शय १४ सम्झौंता सम्पन्न भएको छ।

संचालक समितिको मिति २०७८।०३।१७ को निर्णय नं. ६१२७ अनुसार संस्थानको व्यापार सुरक्षा र थप आम्दानी सुनिश्चित गर्न आ.व २०७८।७९ मा सम्झौंता भएका विज्ञापन एजेन्सीहरुलाई सम्झौंता निरन्तरता गर्न पत्राचार गरी सम्झौताका लागि पहल गरिएकोमा अधिकांस एजेन्सीहरुसंगको सहकार्य सम्झौंताले निरन्तरता पाएको छ । कोभिड १९ का कारण संकुचन भएको विज्ञापन बजारका बीचमा पनि नेपाल टेलिभिजनको बार्षिक सम्झौता तथा सहकार्य सकारात्मक देखिएको छ । यसको अलावा पनि संस्थानको प्रभावकारी नीति तथा समयनुकुल रणनीतिहरु प्रयोग गरी व्यापार वृद्धिको थप प्रयासहरु पनि संगसंगै भइरहेका छन्। सरकारी निकायसंगको व्यापारिक समन्वय तथा सहकार्यबाट सम्झौता सम्पन्न हुदै आईरहेकोमा थप सहकार्यका लागि पहल हुदै आईरहेको छ । संस्थानको व्यापार निर्देशिका अनुसार कार्यक्रम खाली समयस्लट तथा विज्ञापन प्याकेज बिक्रिका लागि समेत नियमित पहल हुदै आईरहेको छ ।

## आन्तरिक उत्पादन र लोकप्रिय कार्यक्रम प्रसारण

साउन महिनामा एनटिभी प्लसका आन्तरिक उत्पादनका कार्यक्रमहरु पुराना वृत्तचित्र, गीतहरु, भजन, फिलर सहित यी बाहेक निम्न बमोजिम कार्यक्रमहरु उत्पादन भइ प्रसारण भए ।

१. नेपाल सरकार स्वास्थ्य मन्त्रालय, राष्ट्रिय स्वास्थ शिक्षा, सूचना तथा संचार केन्द्र र नेपाल टेलिभिजन बीच २०७७ श्रावण २९ गते भएको सम्झौता अनुसार एनटिभी प्लसबाट दैनिक विहान ७:०० बजे देखि ८:०० बजे प्रसारण भैरहेको  स्वस्थ जीवन कार्यक्रम ३२ भाग प्रसारण भयो ।

२. नेपाल कृषि अनुसन्धान परिषद् र नेपाल टेलिभिजन बीच भएको सम्झौता अनुरुप कृषि अनुसन्धान र प्रविधी नामक कार्यक्रम ५ वटा प्रसारण भयो ।

३. अमेरिकी प्रसारण संस्था 'भ्वाइस अफ अमेरिका (VOA)' संगको सहकार्यमा प्रसारण हुदै आएको कार्यक्रम ५ वटा प्रसारण भएको  ।

४. सातामा ५ दिन प्रासारण हुने कार्यक्रम World Sports १७ ओटा प्रसारण भयो।

५. जापानको राजधानी टोकियोमा आयोजना भएको ग्रीष्मकालीन ओलम्पिक प्रतियोगिताको विभिन्न खेलहरुको प्रत्यक्ष प्रसारण एनटिभी प्लसले पनि एनटिभीका अन्य च्यानहरुसंगै गर्यो । यसक्रममा ओलम्पीक खेलकुद प्रतियोगिता १६ दिन प्रसारण भयो ।


६. बाहृय उत्पादकहरुबाट निर्माण भै आउने नियमित दैनिक तथा साप्ताहिक कार्यक्रमहरु गरी साउन महिनाभर जम्मा ६३ ओटा प्रसारण भएको छ । त्यस्ता कार्यक्रमहरुमा दैनिक शैक्षिक कार्यक्रम, हास्य शृंखला अति भो, समृद्धिको बाटोमा, अनमोल हेल्थ, प्रबर्धन, आयुर्वेदा र प्रयास लगायत छन् । यसैगरी पोखरामा भैरहेको रियालिटी शो "Nepal Golden Idol", Clap Board,  बाल सरोकार, दिगो बहस र सक्छिन छोरी कार्यक्रमहरु पनि निर्माण र प्रसारण भए । यस्तै अन्य निर्माण गरिएका कार्यक्रमहरु Business Hour, Youth TV show, Sports Magazine, एनआर एन टिभी शो क्ल्यापबोर्ड लगायत छन् ।

७. यो महिना एनटिभी प्लसमा बाहिरबाट निर्माण भै आउने पटके कार्यक्रम तथा वृत्तचित्रहरु जम्मा १० ओटा प्रसारण भएको छ ।

यसरी नयाँ कार्यक्रम, वृत्तचित्र र PSA गरि कुल १४८ वटा प्रसारण भयो ।

## नियमित काममै निरन्तरता

- नेपाल सरकारद्वारा वृद्धि भएको तलबमानअनुसार कर्मचारीको तलब भुक्तानी गरिएको छ ।
- आ.व.२०७८/७९ को कर्मचारीको पारिश्रमिकको कर निर्धारण गरिएको छ ।
- सञ्चालक समितिको निर्णयानुसार विज्ञापन एजेन्सीहरुलाई राहत उपलब्ध गराई हिसाब गरिएको छ ।
- आ.व.२०७७/७८ को व्यापारिक कारोवारको रकम असुलउपर गरिएको छ ।
- नेपाल टेलिभिजन कर्मचारी कल्याणकोष मार्फत् वितरण गरिने सापटी प्राप्त गर्न बाँकी प्रतिक्षा सूचीमा रहेका कर्मचारीहरुलाई सापटी वितरणका लागि संस्थानसँग अनुदान माग गरिएको छ ।



## कार्यक्रमहरुको उत्पादन र प्रत्यक्ष प्रसारणको काम

अपरेशन महाशाखा अन्तर्गतका कर्मचारीहरुको संलग्नतामा सम्पन्न भएका कार्यहरुः

अपरेशन महाशाखाका कर्मचारीहरुको संलग्नतामा श्रावण महिनामा खास गरी कोभिड-१९ को नियन्त्रणको लागि प्रयास र सचेतना सम्बन्धी विषयमा दैनिक कोभिड हटलाइन प्रत्यक्ष प्रसारण, दैनिक स्वस्थ्य जीवन कार्यक्रम उत्पादन, साप्ताहिक कोरोना केयर रेकर्डिङ्ग, र स्वास्थ्य मन्त्रालयको साप्ताहिक प्रेस ब्रिफिङ्गको प्रत्यक्ष प्रसारण जस्ता विशेष कार्यक्रमहरुको उत्पादन र प्रत्यक्ष प्रसारणहरु सम्पन्न भए । साथै नियमित समाचार तथा कार्यक्रम छायांकन/प्रसारण, दृश्य सम्पादन र डबिङ्ग जस्ता गतिबिधिहरु यस महिनामा पनि निरन्तर रहे । त्यस्तै यो महिना मेगा दोहोरी रियालिटि शो ‘दोहोरी च्याम्पियन’ का टप ८ सम्मका सबै भागहरु उत्पादन सम्पन्न भैसकेका छन् । यस महिनामा VVIP र VIP संलग्न लगायत ४ वटा विशेष समारोह/कार्यक्रमको प्रत्यक्ष प्रसारण समेत सम्पन्न भए ।



## विविध सन्दर्भको प्रत्यक्ष प्रसारण

२०७८ श्रावणमा सम्पन्न भएका कार्यहरुः

१. संघीय संसद (प्रतिनिधी सभा) र राष्ट्रिय सभाको बैठक तथा सम्माननीय प्रधानमन्त्रीज्यूबाट संसदमा विश्वासको मत लिने कार्यक्रम नेपाल टेलिभिजनका ४ वटा च्यानलबाट प्रत्यक्ष प्रसारण ।

२. सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवाज्यूको प्रमुख आतिथ्यमा प्रधानमन्त्री राष्ट्रिय बाघ सम्वाद कार्यक्रम नेपाल टेलिभिजन, NTV News, NTV कोहलपुर र NTV इटहरी च्यानलबाट प्रत्यक्ष प्रसारण ।

३. माननीय स्वास्थ्य राज्यमन्त्री उमेश श्रेष्ठज्यूको प्रमुख आतिथ्यमा स्वास्थ्य मन्त्रालयले आयोजना गरेको नेपाल मास्क अभियान शुभारम्भ कार्यक्रम नेपाल टेलिभिजनबाट प्रत्यक्ष प्रसारण ।

४. नेपाल राष्ट्र बैंकद्वारा जारी आ.व. २०७८-७९ को मौद्रिक नीति सार्वजनिक कार्यक्रम नेपाल टेलिभिजन, NTV News, NTV कोहलपुर र NTV इटहरी च्यानलबाट प्रत्यक्ष प्रसारण ।




## प्रगति समिक्षा

योजना, अनुसन्धान तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा अन्तर्गत साउन महिनामा सूचना प्रविधि विभागको Web Portal मार्फत् सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा संस्थानको श्रावण महिनाको प्रगति पेश गरिएको छ ।

यो महिना सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा मन्त्रालय सम्वद्ध संस्थाहरुको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रगति समीक्षा कार्यक्रमको आयोजना गरिएको थियो । समीक्षा अनुसार नेपाल टेलिभिजनको प्रगति उत्साहजनक रहेको विश्लेषण भयो । यहि महिना महाशाखाले नेपाल टेलिभिजनको आ.व.२०७८/७९ को कार्यक्रमहरुलाई पुन:प्राथमिकीकरण गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पेश गरेको छ ।





## दैनिक प्रसारण सञ्चालनमा भूमिका

इञ्जिनियरिङ्ग महाशाखाले गत महिनाहरुमा जस्तै साउन महिनामा पनि टेलिभिजनका सबै च्यानलहरुको नियमित दैनिक प्रसारण सञ्चालनमा भूमिका निर्वाह गर्यो । यो संगै विभिन्न सन्दर्भ र घटनाक्रमहरुको प्रत्यक्ष प्रसारणका कार्यक्रमहरु पनि सम्पन्न भए । NTV World को लागि आवश्यक Infrastructure को Technical, Design तथा टेण्डर डकुमेन्टको तयारी पनि यो महिना भयो । साथै समाचार महाशाखालाई आवश्यक कम्प्युटरहरुको व्यवस्थापन र जडान पनि महाशाखाको नेतृत्वमा सम्पन्न भयो ।



## बुलेटिन थप - कार्यक्रममा विविधता

हरेक दिन दिउसो ३, अपरान्ह ५ र बेलुका ७ बजेको समाचार प्रसारण हुदै आएकोमा साउन १ गतेदेखि हरेक दिन बिहान ९ बजे पनि समाचार बुलेटिन प्रसारण आरम्भ भएको छ । यसैगरी राति १० बजे बेलुका ७ बजेको रेकर्डिड बुलेटिन प्रसारण गर्ने गरिएको छ । समाचार सेग्मेण्ट थप तथा परिमार्जन गरी समाचार बुलेटिनलाई अझ स्तरीय बनाइएको छ । न्यूज ट्रेण्ड, जवाफ जनप्रतिनिधिको जस्ता सेग्मेण्ट थप गरी एनटिभी कोहलपुर समाचारलाई जनताप्रति उत्तरदायी बनाउँदै जनबोली र जनआवाजका रुपमा स्थापित गरिएको छ । यसैगरी हरेक दिन बिहान प्रसारण हुने मर्निङ मिक्सलाई पनि यो आर्थिक वर्षको सुरु देखि नै केही परिमार्जन गरिएको छ । यसभित्र पनि हरेक दिन प्रसारण हुने गरी जिल्ला अपडेट सेग्मेण्ट थप गरिएको छ ।

आन्तरिक उत्पादनमा थारु भाषाको कार्यक्रम फूलन्या, डोटेली भाषाको कार्यक्रम सौराइ सुदूरकी, स्थानीय विकास र ग्रहफल प्रसारण हुन थालेका छन् भने प्रदेश सरकार र प्रदेशसभा सचिवालयसंगको सहकार्यमा कार्यक्रमहरु सम्बृध्दिका पाइला र प्रदेशसभा परिधिको उत्पादन तथा प्रसारण प्रारम्भ भएको छ । यसैगरी तुलसीपुर उपमहानगरपालिकासंगको सहकार्यमा समृध्द तुलसीपुर नामक कार्यक्रम पनि उत्पादन भै प्रसारण हुन थालेको छ ।

## सहकार्य र सम्झौता



लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय र एनटिभी कोहलपुरबीच कार्यक्रम सम्बृध्दिका पाइला उत्पादन तथा प्रसारणका लागि ५० लाख रुपैयाको सम्झौता सम्पन्न भएको छ । यो कार्यक्रम एनटिभी कोहलपुरबाट उत्पादन भई हरेक मंगलबार बेलुका ७ बजेको समाचारपछि एनटिभी कोहलपुरबाट र हरेक बिहिबार बेलुका ७ बजेको समाचारपछि एनटिभी न्यूजबाट प्रसारण हुने गर्दछ ।

यसैगरी लुम्बिनी प्रदेश, प्रदेशसभा सचिवालय र एनटिभी कोहलपुरबीच पनि कार्यक्रम प्रदेशसभा परिधि उत्पादन तथा प्रसारणका लागि ३५ लाख रुपैयाको सम्झौता सम्पन्न भएको छ । कार्यक्रम प्रदेशसभा परिधि हरेक शुक्रबार बेलुका ७ बजेको समाचारपछि एनटिभी कोहलपुरबाट प्रसारण हुने गर्दछ । यस्तै भदौ १ गतेदेखि सुरु गर्ने गरी एनटिभी कोहलपुरको बेलुका ७ बजेको समाचारलाई सांकेतिक भाषामा समेत प्रसारण गर्न लुम्बिनी प्रदेशको सामाजिक विकास डिभिजन कार्यालयसंग १० लाख रुपैयाको सम्झौता सम्पन्न भएको छ । यस्तै पाक्षिक रुपमा समृध्द तुलसीपुर उत्पादन तथा प्रसारणका लागि तुलसीपुर उपमहानगरपालिकासंग र मासिक रुपमा घोराही दर्पण उत्पादन तथा प्रसारणका लागि घोराही उपमहानगरपालिकासंग पनि सम्झौता सम्पन्न भएको छ । यो संगै चालू आर्थिक वर्षको पहिलो महिना साउनमा मात्रै रु १०,८३९,६००/- को व्यापारिक सम्झौता गर्न एनटिभी कोहलपुर सफल भएको छ ।

## नयाँ लोगोहरु निर्माण

एनटिभी कोहोलपुर समाचारको नयाँ समाचार लोगो निर्माण गरिएको छ भने समाचार भित्रका विभिन्न नयाँ तथा पुराना सेग्मेण्टहरुको लोगो परिमार्जन गरिएको छ । यस्तै विभिन्न कार्यक्रमहरुको लोगो निर्माण गर्नुका साथै नयाँ सेटहरु डिजाइन गरिएको छ ।

